# अतिकम विकसित मुलुकहरूको समूहबाट नेपालको स्तरोन्नति तथा इस्तानबुल कार्ययोजना र दिगो विकास लक्ष्यहरूको कार्यान्वयनको सम्बन्धमा आयोजित राष्ट्रिय परामर्श गोष्ठीद्वारा पारित

# नागरिक समाज संगठनहरूको काठमाडौं घोषणा-पत्र

## ५ भाद्र २०७४, काठमाडौं, नेपाल ।

अतिकम विकसित मुलुकहरूको नागरिक निगरानी मञ्च (एलडीसीवाच) तथा यसको नेपाल प्रतिनिधि संस्था - नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआएन)को निमन्त्रणामा यही २०७४ साल भदौ ५ गते हामी नेपालका नागरिक समाज संगठनहरूका सदस्यहरू भेला भई इस्तानबुल कार्ययोजना र दिगो विकास लक्ष्यहरूको कार्यान्वयनको सम्बन्धमा छलफल गऱ्यौं । यस छलफलको निष्कर्षका रुपमा नेपाललाई अतिकम विकसित मुलुकहरूको समूहबाट दिगो रूपमा स्तरोन्नति गर्नका लागि दिगो विकास लक्ष्यहरूका साथै अतिकम विकसित मुलुकहरूसँग सम्बन्धित इस्तानबुल कार्ययोजनाको कार्यान्वयन गर्न आवश्यक रहेको तथ्यतर्फ सबैको ध्यान आकृष्ठ गर्दै नागरिक समाज संगठनहरुको काठमाडौं घोषणा-पत्र जारि गर्दछौं । हाम्रा चासो र सरोकारका विषय तथा क्षेत्रहरु निम्नानुसार रहेका छन्,

१. राष्ट्रिय योजना आयोगले आफ्नो १२औं आवधिक योजनामा निर्धारित सन् २०३० सम्मको लक्ष्यभन्दा अगाडि बढेर १३औं आवधिक योजनामा सन् २०२२ सम्ममा नेपाललाई अतिकम विकसित मुलुकहरूको समूहबाट स्तरोन्नति गर्ने लक्ष्य निर्धारण गरिसकेको छ । सन् २०२२ सम्ममा स्तरोन्नतिसम्बन्धी आयोगको दृष्टिकोण-पत्रले तीनवटा मापदण्डहरूमध्ये प्रत्येकका लागि 'रणनीतिक निर्देशनहरू तथा कार्यहरू'का साथै तिनको अनुगमन तथा मूल्याङ्कन समेतलाई समेटेको छ । नेपालले सन् २०१५ बाट 'कोही पनि पछाडी नपरुन्' भन्ने मूल नारासहित रुपान्तरणकारी तथा समावेशी अन्तर्राष्ट्रिय पहलको रूपमा रहेको दिगो विकास लक्ष्यहरूलाई पनि कार्यान्वयन शुरु गरिसकेको छ । सरकारले दिगो विकास लक्ष्यहरूलाई आफ्नो राष्ट्रिय योजना तर्जुमा तथा बजेट प्रणालीहरूका साथै १४औं आवधिक योजना (२०१६/१७-२०१८/१९)मा समेत मूलप्रवाहीकरण गर्न थालिसकेको छ । तथापि, हाल गठन हुने क्रममा रहेका नयाँ प्रदेश तथा स्थानीय सरकारको तहमा, प्रदेश तथा स्थानीय तहको योजना तर्जुमा तथा बजेट निर्माण प्रक्रियामा पूर्ण रूपमा तिनलाई आवद्ध गर्ने काममा चुनौति रहेको देख्दछौं ।

२. इस्तानबुल कार्ययोजना कार्यान्वयन गरी नेपाललाई सन् २०२२ सम्ममा विकासशील मुलुकको रुपमा स्तरोन्नति गर्ने नेपाल सरकारको प्रतिबद्धता रहेको सन्दर्भमा, दिगो विकास लक्ष्यहरूलाई स्थानीय तहको योजना तथा कार्यक्रमहरूमा मूलप्रवाहीकरण गर्नका लागि स्थानीय सरकारका नवनिर्वाचित पदाधिकारीहरूको दक्षता अभिवृद्धिका लागि अभिमूखीकरण गर्ने राष्ट्रिय योजना आयोग तथा सम्बन्धित मन्त्रालयहरूका प्रयासलाई सराहना गर्दछौं । अतिकम विकसित मुलुकहरूका लागि गरिएको एक अन्तर्राष्ट्रिय सम्झौताको रूपमा रहेको इस्तानबुल कार्ययोजनासँग तालमेल गर्दै दिगो विकास लक्ष्यहरूको कार्यान्वयनलाई सुनिश्चित गर्नु ज्यादै महत्वपूर्ण छ ।

हामी दिगो विकास लक्ष्यहरूको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पर्ने आधारभूत तथ्याङ्कहरू उपलब्ध गराउन महत्वपूर्ण रहेको 'तथ्याङ्क विकासका लागि राष्ट्रिय रणनीति' निर्माण गर्ने कामलाई पूर्ण रूपमा समर्थन गर्दछौं ।

३. दिगो विकास लक्ष्यहरूमा आधारित योजना तर्जुमा तथा बजेट निर्माण प्रक्रियामा प्रदेश तथा स्थानीय सरकारको क्षमता बृद्धिका लागि नागरिक समाज संगठनहरूको महत्वपूर्ण भूमिका रहने हुँदा राष्ट्रिय विकास प्रक्रिया तथा निर्णय प्रक्रियाहरूमा नागरिक समाज संगठनहरूको सहभागितालाई सुदृढ गर्न र थप नीति निर्माण प्रक्रिया र कार्यान्वयन गर्ने संरचनाका सबै तहमा समावेश गर्न हामी आह्वान गर्दछौं । हामी इस्तानबुल कार्ययोजना तथा दिगो विकास लक्ष्यहरूको कार्यान्वयनको अनुगमन गर्ने प्रक्रियामा निरन्तर संलग्न रहनेछौं ।

४. नेपालले असुविधाजनक भनिएको अवस्थितिबाट बाहिर आउनका लागि आफ्ना स्रोतहरू तथा अवस्थितिको सदुपयोग गर्नु आवश्यक छ । नेपाललाई भू-सम्पर्कित राष्ट्र (landlinked country) को रूपमा परिणत गर्दै विश्व अर्थतन्त्रमा सक्रिय रूपमा सहभागी हुनका लागि भौतिक तथा गैर-भौतिक पूर्वाधार (hard and soft infrastructure) र राम्रो संपर्क सञ्जालको जरुरत पर्दछ । हामी,भूपरिवेष्टित अतिकम विकसित मुलुकको रूपमा यसको पारवहन अधिकारलाई प्रयोग गर्दै नेपाललाई सबभन्दा निकट सामुन्द्रिक मार्गको माध्यमबाट अन्य मुलुकहरूसँग जोड्नका लागि प्रक्रियाहरूलाई तीव्र बनाउन माग गर्दछौं । यस कार्यले अत्यावश्यक व्यापार विविधिकरणमा परिणाम देखाउनेछ र बढ्दो व्यापार घाटालाई पनि घटाउनेछ ।

५. दैनिक रूपमा श्रम बजारमा प्रवेश गर्ने हाम्रा युवाहरूको ठूलो जनसंख्यालाई, खासगरी कृषि तथा गैरकृषि क्षेत्रमा मर्यादित रोजगारीका नयाँ अवसरहरूको सृजना गर्नका लागि नेपाललाई ठूलो मात्राको लगानीको आवश्यकता रहेको छ । हामी, उत्पादन तथा पूर्वाधार विकासमा लगानीकर्ताको रूपमा उनीहरूको भूमिकालाई माथि उठाउनका लागि निजी क्षेत्र र विकास साझेदारहरूलाई आह्वान गर्दछौं । लगानीका लागि स्थानीय स्रोतहरूको परिचालन, रोजगारी सृजना, सामाजिक सुरक्षा तथा सामाजिक संरक्षण र उद्यमको विकासका लागि सार्वजनिक-सामुदायिक-निजी साझेदारीलाई सुदृढीकरण लैंगिक उत्तरदायी रुपले गर्न आवश्यक छ ।

६. दिगो विकास लक्ष्यहरू तथा इस्तानबुल कार्ययोजनाका लक्ष्यहरू हासिल गर्नका लागि आवश्यक पर्ने सार्वजनिक लगानीलाई पूर्ति गर्न र निजी क्षेत्रको लगानीको वित्तीय खाडललाई पूर्ति गर्न प्रत्यक्ष वैदेशिक लगानीलाई आकर्षित गर्ने उपयुक्त वातावरण सृजना गर्न हामी सरकारसँग माग गर्दछौं । त्यस्ता प्रत्यक्ष वैदेशिक लगानीहरू मुलुकको हितमा हुनेछन् र तिनले करको दायित्व लगायत कानुन तथा नियमावलीहरूलाई पालना गर्नेछन् भन्ने कुरालाई सुनिश्चित गर्ने तर्फ सरकार चनाखो रहन आग्रह गर्दछौं ।

७ यसका साथै, निजी क्षेत्र र सम्बन्धित सरोकारवालाहरूलाई निर्यात र आयातको बीचमा विद्यमान ठूलो व्यापार असन्तुलनलाई घटाउन र राष्ट्रिय उत्पादनमूलक क्षमतालाई सुदृढ बनाउन, उत्पादनकर्ता, लगानीकर्ता र निर्यातकर्ता बीचको खाडललाई कम गर्नु आवश्यक छ । नेपालको संविधानले प्रति अवलंवन गरेको समाजवादी उत्पादनमूलक प्रणालीलाई केन्द्रित गर्दै आवश्यक सिद्धान्त अंगिकार गरि जनताको आधारभूत आवश्यकताहरू, जस्तै, शिक्षा, स्वास्थ्य, रोजगारी, आवास तथा निर्माण सामग्री आदिको परिपूर्ति गर्न हामी नेपाल सरकारलाई आव्हान गर्दछौं । मुलुकमा निकासी वृद्धिका लागि नेपाल व्यापार एकिकरण रणनीति २०१६ को प्रभावकारी कार्यान्वयनका साथै देशमा उत्पादित बस्तुहरु, लघु उद्यमहरुको संरक्षणकालागि हामी आह्वान गर्दछौं ।

८. संसारमा नै जलवायू परिवर्तनको सबभन्दा बढी जोखिम भएको चौथो मुलुकको रूपमा नेपाललाई चिनिन्छ । जलवायू परिवर्तनका प्रभावहरूले अत्यधिक मात्रामा मौसम परिवर्तनहरू, कृषिको ढाँचामा आएका परिवर्तनहरू र खाद्य सुरक्षाको आधारमा हेर्दा जनताका जीवन र जीविकामा प्रभाव पार्न थालिसकेका छन् । हामी सरकारलाई राष्ट्रिय अनुकुलन कार्ययोजना तथा स्थानीय कार्ययोजनाको

कार्यान्वयनद्वारा अत्यन्त जरुरी कदम उठाउनका लागि आह्वान गर्दछौं । हामी, सरकारलाई नेपाली नागरिकहरूका निम्ति जलवायू न्यायको सुनिश्चिताको लागि अन्तर्राष्ट्रिय समुदायमा आफ्नो धारणालाई सशक्त बनाउनका लागि  आह्वान गर्दछौं ।

९. उत्थानशीलता (रिजिलियन्स) को विकास गर्न, स्वास्थ्य अधिकार, दिगो कृषितर्फ अग्रसर खाद्य तथा जलसंप्रभुता, र हिमाली पारिस्थितिक प्रणाली, वनको दिगो व्यवस्थापन र जैविक विविधिताको संरक्षण, दिगो भूउपयोगका लागि प्रभावकारी नीतिहरूको निर्माण र तिनको कार्यान्वयन गरी गरीबी निवारणतर्फ अघि बढ्न  हामी सरकारलाई आह्वान गर्दछौं ।

१०. नेपाललाई आफ्ना दिगो विकास लक्ष्यहरू हासिल गर्नका लागि व्यापार, लगानीहरू र आधिकारिक विकास सहायताको माध्यमबाट बाह्य सहयोगको आवश्यकता छ । हामी, विकसित मुलुकहरूले आदि्दस अबाबा (Addis Ababa) कार्यसूचीमा पुनर्पुष्टि गरिए बमोजिम तिनीहरूको कुल गार्हस्थ उत्पादनका ०.१५ देखि ०.२ प्रतिशत रकम अतिकम विकसित मुलुकहरूलाई उपलब्ध गराउने लगायत ०.७ प्रतिशत रकम आधिकारिक विकास सहायताको रूपमा उपलब्ध गराउने प्रतिबद्धतालाई पूरा गर्नका लागि जनवकालत गर्ने काममा आफ्नो धारणा/आवाजलाई सशक्त बनाउन सरकारलाई आह्वान गर्दछौं । वैदेशिक सहायता कार्यान्वयन गर्ने प्रक्रियामा राज्यले निर्माण गरेका ऐन, कानून, नीति, लेखाप्रणालीलाई पूर्ण रुपमा अबलम्बन गरिनुपर्छ । हामी, दक्षिण-दक्षिण सहयोग, जस्तै बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडी पहल (BIMSTEC),  एक क्षेत्र/पेटी एक सडक (OBOR) र दक्षिण एशियाली स्वतन्त्र व्यापार क्षेत्र (SAFTA) को अधिकतम उपयोग गर्ने उपायको खोजी गर्नका लागि सरकारलाई आह्वान गर्दछौं ।

११. सन् २०१५को भूकम्प र सन् २०१७ को भीषण बाढी जस्ता प्राकृतिक विपत्तिका साथै सन् २०१६ को व्यापार तथा पारबहन नाकाबन्दी जस्ता राजनीतिक संकटहरूले घोषित विकास लक्ष्यहरू हासिल गर्न गरिएका प्रयत्नहरूमा गम्भीर अवरोध उत्पन्न गर्दछन् । आफ्ना संस्थागत क्षमताको सुदृढीकरण तथा प्रभावित जनताका ध्वस्त भएका घरहरू, सामुदायिक विद्यालयहरू तथा सामुदायिक भवनहरु, स्वास्थ्य केन्द्रहरू र अन्य आधारभूत पूर्वाधारहरू, जस्तै सडक, पुलहरू, सिंचाईका संरचनाहरु र सञ्चार प्रणालीको पुनर्निर्माणको लागि महिला तथा अपांगता भएका व्यक्तिहरुको आवश्यकतालाई समेत ध्यानमा राख्दै अतिरिक्त स्रोतहरूको परिचालनको माध्यमबाट चाँडोभन्दा चाँडो विकासका खाडललाई पुर्नका लागि हामी नेपाल सरकारलाई आह्वान गर्दछौं ।

१२. हाल नेपालमा सिमित रूपमा सामाजिक सुरक्षाका प्रावधानहरू रहेका छन् र यी प्रावधानहरू मूल रूपमा औपचारिक क्षेत्रमा मात्र सिमित छन् । यस सन्दर्भमा विकास लक्ष्यहरु हासिल गर्नका लागि औपचारिक क्षेत्रका श्रमिकहरू (पेन्सन) र सामाजिक सहायता भत्ता तर्फ मात्र सीमित नराखी अनौपचारिक क्षेत्रलाईसमेत समेट्न जरुरी छ । हामी, अधिकारमा आधारित विश्वव्यापी सामाजिक संरक्षण प्रणालीलाई संस्थागत गर्न र श्रमबजार हस्तक्षेप, सामाजिक हेरचाह सेवाहरू, सामाजिक कोषहरू र कृषि सामग्रीहरूमा दिइने छुटहरूबाट सामाजिक संरक्षण प्रणालीलाई विविधिकरण गर्न सरकारलाई आह्वान गर्दछौं ।

१३. बालबालिकाका लागि उपयुक्त समाज निर्माण हुँदा मात्र राष्ट्रिय विकासको मूल ध्येय परिपूर्ति हुने हुँदा यस तर्फ सबैको ध्यान जान नरुरी छ । यसका लागि बालबालिकालाई छुवाछुत, जातिय तथा लैंगिक विभेद, हिंसा, दुर्व्यवहार, द्वन्द्व तथा मदिराको हानिकारक असरबाट जोगाउँदै उनीहरुको उमेर र क्षमता अनुसार सामाजिक विकासका गतिविधिहरुमा सहभागी गराउन सरकार तथा सबै सरोकारवालाहरुलाई आह्वान गर्दछौं ।

१४. राष्ट्रिय विकासको महत्वपूर्ण आधार शिक्षा रहेको तथ्यलाई मनन् गर्दै शिक्षामा बढ्दो निजीकरण रोक्न र सबैले स्तरीय शिक्षा पाउने मानव अधिकार सुनिश्चित गर्न नेपाल सरकारसमक्ष आह्वान गर्दछौं ।

१५. राष्ट्रिय विकासको लामो दौडमा स्तरोन्नति प्रक्रिया केवल प्रारम्भिक कोशेढुंगा मात्र हो । अतिकम विकसित मुलुकहरू (LDCs)को समूहलाई उछिनेर दौडमा विजय हासिल गर्नका लागि यो अन्तिम उपलब्धि हैन । तसर्थ अतिकम विकसित मुलुकहरूको समूहबाट मध्यम आय भएका मुलुकहरू (MICs) तर्फ संक्रमण गरिरहेका अन्य मुलुकहरू जस्तै नेपालले पनि आफ्नो निरन्तर आर्थिक बृद्धिका लागि शान्ति र राजनीतिक स्थिरतालाई कायम राख्नु जरुरी छ । हामी, नेपालको आर्थिक बृद्धि र साझा समृद्धिलाई गति प्रदान गर्ने महत्वकांक्षी योजनाको सराहना गर्दछौं । तसर्थ,अतिकम विकसित मुलुकहरूको समूहबाट स्तरोन्नति तथा सन् २०३० सम्ममा नेपाललाई एक स्थिर र मध्यम आय भएका मुलुक (MICs) को रूपमा विकसित गर्नका लागि दिगो विकास लक्ष्यहरू, इस्तानबुल कार्ययोजना लगायत अन्य अन्तर्राष्ट्रिय रूपमा सहमत विकास लक्ष्यहरू सम्बन्धी राष्ट्रिय कार्य योजनाहरूमा एकीकरण र तिनको प्रभावकारी कार्यान्वयन गर्नका लागि सबै गर्न नयाँ संवैधानिक आधारहरूलाई अधिकतम सदुपयोग गर्नका लागि हामी सरकार, राजनीतिक दलहरू र अन्य सम्बन्धित सम्पूर्ण सरोकारवालाहरूलाई आह्वान गर्दछौं ।